# भंगहा नगरपालिका

# बाल अधिकार तथा संरक्षण कार्यविधि २०८२

भंगहा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

भंगहा महोत्तरी

# बाल अधिकार तथा संरक्षण कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/०७ गते

<u>प्रस्तावनाः</u> बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र संवर्द्धनका लागि नेपालको संविधान तथा सङ्घीय कानूनमा भएका प्रावधानहरूको कार्यान्वयन सहित स्थानीय तहद्वारा ति बालबालिकाको अधिकारको प्रचलनद्वारा बालबालिकालाई संरक्षण प्रदान गरी बालमैत्री स्थानीय सुशासन प्रवर्द्धन गरी बालबालिकाको सर्वोत्तम हित र सर्वाङ्गिण विकास सुनिश्चित गर्न समयानुकुल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, यस नगरपालिकाले बाल अधिकार तथा संरक्षण कार्यविधि, २०८२ बनाएको छ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "भंगहा नगरपालिका बाल अधिकार तथा संरक्षण कार्यविधि, २०८२"रहेको छ।

(२) यो कार्यविधिलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बनाइएको छ भने यस कार्यविधि भंगहा नगरकार्यपालिकावाट स्वीकृत गरी राजपत्रमा प्रकाशित मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "नगर प्रमुख" भन्नाले यस नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले यस नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले बाल अधिकार तथा संरक्षण कार्यविधि २०८२ सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले सङ्घीय, प्रदेश वा यस नगरपालिकाको कानुनमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ । सो पदावलीले कार्यविधिको कार्यान्वयनको शिलसिलामा यस नगरपालिकाको कार्यपालिकाले तोकेको वा तोकिएबमोजिम समेत जनाउँछ ।

(च) "परिवार" भन्नाले एकाघरका आमा, वाब्नु हजुरबुवा, हजुरआमा, दाजु, भाइ, दिदी बहिनीको सम्झनुपर्दछ । संरक्षक वा माथवरका संरक्षणमा रहने बालबालिकाको हकमा सो शब्दले संरक्षक वा माथबरलाई समेत जनाउँछ ।

(छ) "बाल अधिकार समिति" भन्नाले ऐनको दफा ६० बमोजिम गठित बाल अधिकार समिति सम्झनुपर्छ।

(ज) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्छ

(झ) "बाल कोष" भन्नाले ऐनको दफा ६४ को उपदफा ४ अनुसार कार्यविधिको परिच्छेद-९ बमोजिमको नगर बालकोष सम्झनुपर्छ ।

ञ) "बालगृह" भन्नाले ऐनको दफा ५२ अनुसारको बालगृह सम्झनुपर्छ ।

ट) "बालगृह मापदण्ड" भन्नाले ऐनको दफा ५२ बमोजिमको मापदण्ड सम्झनुपर्छ ।

ठ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा गरिनसकेको व्यक्ति सम्झनुपर्छ ।

ड) "बालसंस्था" भन्नाले कार्यविधि बमोजिम यस नगरपालिकामा दर्ता भै नगर क्षेत्रमा सञ्चालनमा रहेका वा सञ्चालन हुने बाल क्लब वा संस्था सम्झनुपर्छ । सो पदावलीले त्यस्ता क्लब वा संस्थाहरूको सञ्जाललाई समेत जनाउँछ।

(ढ) "मनोसामाजिक सेवा" भन्नाले बाल मनोवैज्ञानिक, विशेषज्ञ, मनोसामाजिक विमर्शकर्ताद्वारा गरिने आकलन, लेखाजोखा, विमर्श, प्रेषण, निदान र उपचारसम्बन्धी सेवा सम्झनुपर्छ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

(त) "वडाअध्यक्ष" भन्नाले यस नगरपालिका अन्तर्गत वडाअध्यक्ष, वडा समितिको अध्यक्ष वा सो हैसियतमा काम गर्ने पदाधिकारी सम्झनुपर्छ । सो शब्दले वडाअध्यक्षको कार्यवाहक भई काम गर्न अख्तियार पाएको सदस्यलाई समेत जनाउँछ।

(थ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्छ ।

(द) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम सूचीकृत समाजेवी वा मनोविज्ञ व्यक्तिलाई सम्झनुपर्छ । सो पदावलीले सम्बन्धित विषयमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत जनाउँछ ।

(ध) "सेवाप्रदायक" भन्नाले स्थानीय तहको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका वा प्रवाह गर्ने दायित्व भएका सरकारी कायार्लय, स्वास्थ्य चौकी, विद्यालय स्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य सार्वजनिक निकायलाई सम्झनुपर्छ । सो पदावलीले सार्वजनिक सेवा प्रदान गर्ने निजी क्षेत्रवाट सञ्चालित बैक् वा सूचना–सञ्चार सम्बन्धी सेवाप्रदायलाई समेत जनाउँछ ।

(न) "स्थानीय तह" भन्नाले नगरपालिकालाई सम्झनुपर्छ।

(न) "स्वास्थ्यकर्मी" भन्नाले अनुमति प्रास गर्ने निकायवाट चिकित्सक, स्वास्थ्य सहायक वा स्वास्थ्य सेवा दिन इजाजत प्रास्त स्वास्थ्यकर्मी सम्झनुपर्छ ।

(व) "संस्था" भन्नाले यस नगरपालिकाको क्षेत्रभित्र बालगृह वा बालसुधारगृह सञ्चालन गर्ने सङ्घ संस्था सम्झनुपर्छ । सो शब्दले बाल अधिकार संरक्षण र संवर्द्धनका लागि कानून बमोजिम सञ्चालित गैरसरकारी र सामुदायिक संस्थालाई समेत जनाउँछ ।

## परिच्छेद–२

## बाल अधिकार तथा संरक्षणसम्बन्धी आधारभूत सिद्धान्तहरू

३ .**बाल अधिकार प्रचलनकारी आधारभूत सिद्धान्त :** बालबालिकाका मूलभूत मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सुनिश्चयस्बरूप बालबालिकासँग सम्बन्धित कुनै पनि कार्य गर्दा बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा उल्लेख भए बमोजिम देहायका सिद्धान्तहरूलाई अवलम्बन गरिनेछः–

(क) **मर्यादापूर्ण जीवनको सम्मानः** बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतको प्रतिष्ठा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका बाबुआमा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्वसँग अन्तरभूत विषयको रूपमा व्यवहार नगर्ने;

(ख) **सर्वाङ्गीण विकासको सुनिश्चितताः** मानव व्यक्तिको रूपमा प्रत्येक बालबालिकामा रहेका प्रतिभा, क्षमता र सम्भाव्यताको पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउँदै तिनको बिकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गर्ने;

(ग) **सहभागिता र अभिमतको सम्मानः** नागरिक जीवनको तयारीको रूपमा सामाजिक र सार्वजनिक जीवनमा तिनको सहभागितालाई यथासम्भव बढी स्थान दिने गरी अवसर सिर्जना गरिनेछ । बालबालिकाकै बिषयमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा तिनलाई अधिकाधिक सहभागी गराइने र तिनलाई प्रभाव पर्ने बिषयमा निर्णय लिनुपर्दा सो बिषयमा सम्बन्धित बालबालिकालाई तिनको विचार वा अभिमत प्रकट गर्ने अवसर दिइनेछ र सोको सम्मान गर्ने; र

**(घ) संरक्षणको सुनिश्चितताः** प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यबहारवाट जोगाई संरक्षण सुनिश्चित गर्ने ।

४ . **बाल संरक्षणका आधारभूत सिद्धान्तः** यस नगरपालिकाको क्षेत्र भित्र बालबालिकाको अधिकारको सम्मान र संरक्षण तथा परिपूर्ति गर्न प्रयोजनमा बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा उल्लेख भए बमोजिम देहायका सिद्धान्तहरूलाई अबलम्बन गर्ने छः–

(क) **मर्यादापूर्ण ब्यवहार गर्नेः** प्रत्येक बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा व्यक्तिगत गोप्यता (प्राइभेसी) खण्डित हुन नदिई व्यबहार गर्ने;

(ख) **निर्बिभेदताः** प्रत्येक बालबालिकालाई निज वा निजका आमावाबु वा संरक्षकको वर्ण, जात–जाति, लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, फरक क्षमता वा अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहित रूपमा तिनको उमेर सुहाउँदो व्यबहार गर्ने;

(ग) **बालबालिकाको सर्वोत्तम हितः** बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिने;

(घ) **व्यक्तिगत विवरणको गोपनीयता पालन गरिनेः** बालबालिकाको नामसहित व्यक्तिगत पहिचान सम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानुन बमोजिम अख्तियार प्राप्तअधिकारीवाहेक अन्यको पहुँचको बिषय हुनेछैन । तर व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकीकृत तथ्याङ्कको रूपमा बालबालिका सम्बन्धी विविधिकृत तथ्याङ्क सरोकारवालालाई यस नगरपालिकावाट प्राप्त हुनेछ ।

## परिच्छेद ३

## बाल अधिकारको संरक्षण तथा प्रचलन

५. **बाल अधिकारको संरक्षण गर्नुपर्ने:** (१) यस नगरपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरूको संरक्षण र प्रचलन ऐनको दफा ६४ बमोजिम गर्नगराउन सक्नेछ ।

६. **आबश्यक सेवाप्रवाह सुनिश्चित गर्ने :** (१) बालअधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनका लागि यस नगरपालिकाले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रूपले प्रवाह गर्नेछ:

(क) गर्भवती महिलाको स्वास्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुवैको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य स्याहार तथा पोषणको बन्दोबस्त;

(ख) राष्ट्रिय खोपतालिका बमोजिमको खोप सेवा;

(ग) क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूद्वारा निःशुल्क परीक्षण तथा औषधि सुविधा सहितको द्वैमासिक रूपमा विद्यालय स्वास्थ्य शिविर सञ्चालन;

(घ) क्षेत्रभित्र बालबालिकालाई सामाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने समाजसेबी र मनोविज्ञको सूचीकरण र उपलब्ध जनशक्तिको अद्यावधिक अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह;

(ङ) हिंसा, परित्याग वा अन्य दुर्व्यबहारवाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहारको बन्दोबस्त;

(च) बिपद् तथा प्रकोप (भूकम्प, वाढी, पहिरो, आगलागी, बन्यजन्तुको आक्रमण) प्रभावित बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहार सहायता;

(छ) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा;

(ज) क्षेत्रभित्रका बालबालिकाको निर्बाध जन्मदर्ता;

(झ) बिशिष्टीकृत सेवा उपलब्ध हुने निकाय वा सेवाप्रदायक समक्ष प्रेषण तथा सिफारिस;

(ज) आपत् मा परेका, बेवारिस फेला परेका वा हराएका बालबालिकाको तत्काल खोज उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि हेल्पलाइन तथा खोजतलास सेवा;

(ट) बालहित तथा बालमैत्री वातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोबस्त ।

(ठ) स्थानीय तहभित्र संचालनमा रहेका निजी स्वास्थ्य संस्थाहरुलाई बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियत व्यवस्था लागि पहल गर्नेछ |

(ड) लागु पदार्थ दुर्वेसनीमा परेका बालबालिकाहरुको लागि उद्दार तथा मनोसामाजिक परामर्श सेवा

(२) यस नगरपालिकाको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक, सामाजिक वा निजी सेवाप्रदायक निकाय, संस्था, विद्यालयहरूमा बालमैत्री सेवाप्रवाह तथा बालबालिकाविरुद्धका कुनै पनि प्रकारका हिंसा वा दुर्व्यवहार रोकथाम तथा निवारणका लागि यस नगरपालिकाले बालअधिकार संरक्षण मापदण्ड निर्माण गरी लागु गर्ने गराउनेछ ।

(३) क्षेत्रभित्रका बालबालिकाको संरक्षणका लागि यस नगरपालिकाले देहायका उपायहरू अवलम्बन गर्नेछः-

(क) बिद्यालयमा राजनीतिक गतिविधि गर्न र बालबालिकालाई दलगत राजनीतिक क्रियाकलापमा सहभागी

गराउने कार्यलाई निषेध गर्ने;

(ख) बिद्यालय उमेरका बालबालिकालाई बिद्यालयमा भर्ना हुनवाट रोक्न वा विद्यालयवाट निष्कासन गर्ने परिपाटीको अन्त्यको प्रयास कायम राखे

(ग) बालबालिकाको उपस्थिति रहने विद्यालय तथा अन्य सेवाप्रवाह स्थानमा तिनका लागि सफा खानेपानी, आरामकक्ष, शौचालय तथा किशोरीका लागि मासिक श्वावकवच (प्याड) सहितका प्राथमिक स्वास्थ्य उपचार सामग्रीको बन्दोबस्त गर्न;

(घ) बिद्यालय र समुदायमा बालबालिकाबिरुद्ध हुन सक्ने सबै प्रकारका हानिको रोकथाम तथा भयरहित शिक्षण तथा सामुदायिक सिकाइका लागि बालक्लब मार्फत बालबालिकाका रचनात्मक क्रियाकलापलाई प्रोत्साहित गर्ने;

(ङ) बालबालिका विरुद्ध हुन सक्ने हिंसा, दुर्यवहार तथा शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशील बनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने;

(च) नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी वडाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासनसम्बन्धी प्रशिक्षित गर्ने;

(छ) बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा नगरपालिकाको योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी नियमित चालु राखे;

(ज) प्रत्येक वडामा बाल उद्यान र खेलमैदान, पुस्तकालय तथा वाचनालयहरूको व्यबस्था तथा सञ्चालन गर्ने;

(झ) क्षेत्रभित्रका ४-५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल बिकास केन्द्र र ६ देखि १३ बर्ष उमेरका बालबालिकालाई अनिवार्य बिद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने बन्दोबस्त;

(ञ) बालबिवाह तथा बालश्रमको प्रयोगजस्ता कानुनद्वारा निषेध गरिएका क्रियाकलापको निगरानी तथा कानुनी कारवाहीका लागि प्रेषण प्रणाली ।

(ट) नगरपालिकाको क्षेत्रभित्र कसैले ऐनको परिच्छेद २ अनुसारका बालअधिकारको उल्लङ्घन गरेमा वा परिच्छेद ३ अनुसार दायित्व पूरा नगरेमा ऐनको दफा ६४ बमोजिम पीडित बालबालिकाको तर्फवाट निवेदन परेमा न्यायिक समितिले आवश्यक कारवाही गरी बालअधिकार प्रचलन गराउनेछ ।

(ठ) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार सहित), कुनै पनि किसिमका बालबालिकाविरूद्ध विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहारजस्ता कार्यहरू निषेध, पत्रुखानानिषेध, शैक्षिक गतिविधि बाहेकका क्रियाकलाप गर्न निषेध लगायत लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र बालमैत्री पठनपाठन, खेल मैदान र सबै किसिमका विद्यार्थीहरूमैत्री खेलकुद र सामानको व्यवस्था गर्ने गराउनेछ।

(ड) कुनैपनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गर्नेछ।

(ढ) संचारका विभिन्न साधन तथा सामाजिक सञ्जाल जस्ता प्रविधिको दुरुपयोग निषेध तथा न्यूनीकरण गर्न अभिभावक सचेतीकरण कार्यक्रम संचालन गर्ने |

७. <u>क्षेत्र भित्रका बालबालिका सम्बन्धी अद्यावधिक तथ्याङ्कीय विवरण राख्ने:</u> (१) नगरपालिकाले आफ्ना क्षेत्रभित्रका १८ वर्षको उमेर पूरा नभएका सबै बालबालिकाको खण्डीय एकीकृत (युनिफाइड डिसइन्टिग्रेटेड) तथ्याङ्कीय विवरण अद्यावधिक हालतमा राखेछ ।

(२) नगरपालिकाले यस्तो तथ्याङ्कीय अध्यावधिक विवरण वडागत रूपमा राख वडासमिति, वडाअध्यक्ष र वडा कार्यालयहरूलाई निर्दिष्ट गर्न सक्नेछ ।

(३) बालबालिकाको खण्डीय एकीकृत (युनिफाइड डिसइन्टिग्रेटेड) तथ्याङ्कीय विवरण अनुसूची १ बमोजिमको ढाँचमा राखिनेछ।

८. <u>बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता</u>: (१) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरू वा सेवाप्रदायकका संरचना र व्यबहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चत गर्न नगरपालिकाले मन्त्रालयले जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्थाको भौतिक प्राविधिक तथा मानवीय सहजताको लेखाजोखा गर्नेछ।

(२) लेखाजोखा प्रतिवेदनको आधारमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायक संस्थाको भौतिक संरचनालाई बालमैत्री हुने गरी निर्माण गर्न वा मर्मतसुधार गर्न लगाउन सक्नेछ ।

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायकलाई सेवाप्रवाह बालमैत्री बनाउन नगरपालिकाले निर्देशन दिन, क्षमता बिकास तथा सुधारका कार्यका लागि सहायता प्रदान गर्न वा आवश्यक सहजीकरण गर्न सक्नेछ।

## परिच्छेद ४
## बालबालिकाको विशेष संरक्षण तथा पुनःस्थापना

९. वैकल्पिक हेरचाहको प्रबन्ध: (१) नगरपालिकाले आफ्नो क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्नेछ ।

(२) ऐनको दफा ४८ (१) को खण्ड (क) देखि (ङ) सम्म उल्लेख भएका कुनै पनि बालबालिका नगरपालिकाको इलाकामा असंरक्षित वा बेवारिस अवस्थामा रहेको सूचना प्राप्त हुनासाथ बालकल्याण अधिकारीले वैकल्पिक हेरचारको प्रबन्ध यथाशीघ्र मिलाउनुपर्नेछ ।

(३) वैकल्पिक हेरचाहको प्रबन्धको प्राथमिक विचार गर्दा बालकल्याण अधिकारीले सर्वप्रथम हेरचाह आवश्यक भएको बाबु वा आमा तर्फका नातेदारहरू मध्ये सबैभन्दा नजिकको नातामा पर्नेको प्राथमिकताक्रमलाई प्रश्रय दिनुपर्नेछ र मुलुकी देवानी संहिता २०७४ को भाग ३ पारिवारिक कानुनसम्बन्धी परिच्छेद ६ को संरक्षक र परिच्छेद ७ को माथवर सम्बन्धी व्यवस्थाले निर्देश गरेअनुसारका बालबालिकाका अधिकार संरक्षित हुने गरी हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ ।

(४) नजिकको नातेदारमार्फत वैकल्पिक हेरचाह सम्भव नभएमा त्यस्तो बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको संरक्षकत्वमा रहने गरी हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ।

(५) ऐनको दफा ४८ (१) को खण्ड (च) र (छ) अनुसारका बालबालिकाका लागि वैकल्पिक हेरचाहका लागि यथासम्भव परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई प्राथमिकता दिनुपर्नछ।

(६) पारिवारिक हेरचाह गर्ने संस्था नभएमा बालगृहमा त्यस्ता बालबालिकाको वैकल्पिक हेरचाह गराउने प्रबन्ध मिलाउनुपर्नेछ ।

(७) नगरपालिकाको क्षेत्रमा कसैले अनाथ, बेवारिस वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिका फेला पारेमा वा रहेभएको जानकारी भएमा अनुसूची २ बमोजिमको ढाँचाको विवरण सहित बालकल्याण अधिकारी वा स्थानीय प्रहरी कार्यालयलाई सूचना उपलब्ध गराइदिनुपर्छ ।

१०. <u>बालगृहको स्थापना तथा सञ्चालनः</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बालगृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र परोपकारको उद्देश्यले कानुन बमोजिम कुनै संस्थाले अनाथ बालआश्रम/ अनाथालय वा बालगृह सञ्चालनमा ल्याएको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणार्थ पठाइएको बालबालिकालाई त्यस्तो बालआश्रम/ अनाथालय वा बालगृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनुपर्नछ ।

(३) अनाथ बालआश्रम/अनाथालय तथा बालगृहको भौतिक पूर्वाधार, बन्दोबस्ती जनशक्ति तथा सञ्चालन बालगृह मापदण्डबमोजिम हुनेछ ।

## परिच्छेद ५

## बाल सहभागिता तथा बाल क्लब सञ्चालन

**११. बाल सहभागिताको अभ्यासः** (१) नगरपालिकाले बालबालिकालाई आफूलाई असर पार्ने विषयमा आफ्नो धारणा बनाउन र व्यक्त गर्ने सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थावाट गरिने बालबालिका सम्बन्धी निर्णय प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गर्नेछ।

(२) बाल सहभागिता प्रवर्द्धनका लागि यस नगरपालिकावाट देहायका उपायहरू अवलम्बन गरिनेछन्:

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकासँग वडास्तरीय सहभागितात्मक छलफल गर्ने;

(ख) बाल सुरक्षा, शिक्षा र खेलकुद लगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जुमा गरी लागु गर्ने र त्यसमा बालबालिकालाई स्वेच्छिक रूपमा व्यवस्थापकीय भूमिका खेल्ने अवसर दिने;

(ग) बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनका लागि उनीहरूकै पहलमा बालहितकारी सूचना सामग्री, भित्तेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम सञ्चालन गर्नमा आवश्यक स्रोतसाधन उपलब्ध गराउने;

(घ) बालबालिकाको पहलमा बाल संस्था तथा बाल क्लब दर्ताको लागि निबेदन पर्न आएको आधारमा बाल क्लब, बाल संस्था वा बाल क्लब सञ्जाल दर्ता गरी प्रमाणपत्र निःशुल्क उपलब्ध गराउने र सञ्चालनका लागि सहजीकरण गर्ने;

(ङ) बालक्लबतथा बाल क्लब सञ्जालको नवीकरण गरिदिने; र

(च) बाल सहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र सुनुवाइ हुने वातावरण सिर्जना गर्न कार्यक्रम तय गर्ने र सञ्चालन गर्ने ।

१२. <u>**बाल क्लव वा संस्था दर्ता तथा नबीकरणः**</u> (१) बालक्लब वा संस्था सञ्चालन गर्न चाहने बालबालिकाले दर्ताका लागि नगरपालिकामा देहायका विवरणसहित अनुसूची ३ बमोजिम निबेदन दिनुपर्नछ ।

परिच्छेद ६

## स्थानीय बाल अधिकार समितिसम्बन्धी व्यवस्था

१८. **स्थानीय बाल अधिकार समितिको गठनः** (१) नगरकार्यपालिकाले देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने गरि स्थानीय बाल अधिकार समिति गठन गरिनेछ :-

(क) नगर उपप्रमुख -अध्यक्ष

(ख) नगरकार्यपालिकाले तोकेका १ जना महिला कार्यपालिका सदस्य -सदस्य

(ग) नगरपालिकाभित्रका माध्यमिक विद्यालयहरुबाट १ प्रधानाध्यापक -सदस्य

(घ) सूचीकृत समाजसेवी / बाल मनोविज्ञ -सदस्य

(ङ) क्षेत्रभित्रका चिकित्सक र मनोचिकित्सकहरू मध्येबाट -सदस्य

(च) नगर कार्यपालिकाका शिक्षा/जनस्वास्थ्य शाखाप्रमुख २ जना -सदस्य

(छ) नगर बाल सञ्जालको १ वालिकासहित २ जना बालप्रतिनिधि -सदस्य

(ज) नगरपालिका भित्रका प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(झ) बाल अधिकार, संरक्षण, कल्याण, बालन्यायको कार्यानुभवी व्यक्ति वा संस्था मध्येवाट नगरपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(ञ) बाल कल्याण अधिकारी -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित स्थानीय बाल अधिकार समितिको पदावधि पाँच वर्षको हुनेछ ।

(३) समितिले आवश्यकता अनुसार समितिको सदस्य नरहेका अन्य व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१९. **स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने, बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने

ख) लागुपदार्थ दुर्व्यसनीमा संलग्न रहेका बालबालिकाको उद्दार, पुनर्त्थान, संरक्षण र व्यवस्थापन जस्ता कार्यमा अन्य निकायसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने

(ख) नगरपालिकाद्वारा सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(ग) नगरपालिकाभित्र हुन सक्ने बाल बिवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(घ) आफ्नो नगरपालिका भित्रका नगरकार्यपालिका, वडा, विद्यालय तथा स्वास्थ्य संस्थाहरुको संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(ङ) बालमैत्री स्थानीय शासनको अवलम्बनका साथै बालमैत्री विद्यालय, वडा तथा पालिका घोषणाको सिंगो नेतुत्व लिने,

(च) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(छ) नगरपालिकामा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी नगरपालिकाको वार्षिक प्रतिवेदन नगरकार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा नगरपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय,परिषद् र मन्त्रालयमा पठाउने,

(ज) बालबालिकासम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको बिकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(झ) समितिको सचिबालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ञ) नगरपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायतावाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि बिशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ठ) नगरपालिकामा बालबालिका खोजतलास केन्द्र तथा बाल हेल्पलाइन सेवा-१०९८ अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ड) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचीकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ढ) बिशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(ण) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह,अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारवाही गर्न सुझाव तथा प्रतिवेदनसहित मन्त्रालयमा सिफारिस गर्ने,

(त) नगरपालिका भित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा अन्य महामारीवाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(थ) नगरपालिका भित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा

पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,
(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,
(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,
(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,
(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,
(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यबस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारवाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,
(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,
(९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकताअनुसार वडास्तरीय बाल अधिकार समिति वा बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२० <u>स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छः-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ
(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।
(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने बिषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।
(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।
(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।
(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।
(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।
(९) बैठक सम्बन्धी अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।
(१०) कम्तिमा दुई तिहाई सदस्यहरुले बैठक वस्नको लागि लिखित निवेदन पेश गरेमा सदस्य सचिवले ५ दिन

भित्र बैठक बोलाउनु पर्नेछ ।

२१ <u>उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:</u> (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल बिशेषज्ञ वा बिज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक सेवाकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीय तहको प्रचलित नियमानुसार अध्यक्ष र सदस्य <u>समितिले तोकी दिए बमोजिम हुनेछ ।</u>

२२ <u>वडा स्तरीय बाल अधिकार समिति:</u> (१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन:-

(क) सम्बन्धित वडाको वडाअध्यक्ष - अध्यक्ष

(ख) वडाले तोकेको १ जना महिला वडा सदस्य, -सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापक तथा निजले तोकेको फोकल शिक्षक मध्येबाट १ जना महिला सहित २ जना -सदस्य

(घ) वडा स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना -सदस्य

(ङ) प्रहरी प्रमुखले तोकेको १ जना नेपाल प्रहरी - सदस्य

(च) सम्बन्धित वडामा रहेको स्वास्थ्य केन्द्र प्रमुख -सदस्य

(ज) वडाले मनोनित गरेको वडा भित्रको बाल अधिकार र संरक्षणको क्षेत्रमा काम गरेको अनुभव भएका १ जना महिला सहित २ जना — सदस्य

(छ) वडा सचिव -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको वडा स्तरीय बाल अधिकार समितिको पदावधि पाँच वर्षको हुनेछ ।

(३) समितिले आवश्यकताअनुसार समितिको सदस्य नरहेका वडा सदस्य, वडास्थित बिद्यालय व्यवस्थापन समिति वा संघसंस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

२३ <u>वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार:</u> (१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) वडावाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगवाट निर्माण गर्ने

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको सङ्कलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने

(च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने

(छ) वडास्तरमा बालश्रम, बाल बिवाह, बेचबिखन, ओसारपसार, बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यबहार, शोषण तथा लागु पदार्थ दुर्व्यसनी अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने

(ज) सार्बजनिक सुनुवाइका समयमा स्थानीय तहवाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने

(ज) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि स्थानीय बाल अधिकार समितिसंग समन्वय र सहकार्य गर्ने

(ट) वडामा रहेका बालक्लब, सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने

(ड) बाल अधिकार तथा बाल संरक्षण सम्बन्धी वडास्तरीय अतिरिक्त क्रियाकलाप संचालन तथा व्यवस्थापन गर्ने

(ढ) स्थानीय बालअधिकार समितिको निर्देशन र आवश्यकता अनुसार अन्य बालअधिकार प्रवर्द्धन तथा संरक्षणात्मक कार्य गर्ने गराउने ।

२४ <u>**वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:**</u> वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ:-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येवाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(१०) कम्तिमा दुई तिहाई सदस्यहरुले बैठक वस्नको लागि लिखित निवेदन पेश गरेमा सदस्य सचिवले ५ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

## परिच्छेद ७

## बाल कल्याण अधिकारी

**२५ बाल कल्याण अधिकारीको नियुक्ति:** (१) नगरपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम बाल कल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्त नभएसम्म नगरपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त वा उपदफा (२) अन्तर्गत तोकिएको बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

२६ **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार:** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) नगरपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोवास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) नगरपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हे रचाहकोआवश्यकता भएका तथा कसूरवाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रूपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको बिवरण स्थानीय तहवाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने ।

(छ) बालबालिकाविरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज) ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकुल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिबेदन स्थानीय बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) स्थानीय तहमा भएका बालअधिकार उल्लङ्घनका घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेस गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ज) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको बिवरण आर्थिक वर्ष समास भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने।

(ढ) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका बिषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) समितिवाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद ८

**बाल मनोविज्ञ समाजसेवी तथा सेवाप्रदायकसम्बन्धी व्यवस्था**

२७ समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति :(१) नगरपालिकाका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा विवरणसहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनुपर्नेछ ।

(४) उप–दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझवाट तोकिएको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवी वा बालमनोविज्ञका रूपमा सूचीकृत गरी स्थानीय बाल अधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ ।

(५) सूचीकृत समाजसेवी र बालमनोविद मध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने समाजसेवी र बालमनोबिको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा अन्य निकायको हकमा सम्बन्धित निकायका लागि तोकिएको वा तोकिएबमोजिम र स्थानीय तह अन्तर्गतको कामको हकमा स्थानीय बालअधिकार समितिको सिफारिसमा स्थानीय तहले तोकेबमोजिम हुनेछ ।

२८ **सेवा प्रदायकको नक्साङ्कन तथा सुचीकरणः** (१) नगरपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनमा काम गर्ने संस्थाहरूलाई नगरपालिकाले सूचीकृत गनुपर्नेछ ।

(२) उपदफा (१) सूचीकृत हुन संस्थाहरूले स्थानीय बाल अधिकार समितिमा आवश्यक कागजात तथा बिवरणसाथ निवेदन गर्नेछन् ।

(३) उप–दफा (२) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा नगर बाल अधिकार समितिले सूचीकृत गरेको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवाप्रवाहको अवसर प्रदान गर्नेछ।

# परिच्छेद ९
## बाल कोष सञ्चालन तथा व्यवस्थापन

२९ **बालकोषः** (१) बाल अधिकार तथा बाल संरक्षण प्रवर्द्धनार्थ स्थानीय तहस्तरमा एक बाल कोष रहनेछ।
(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

क) नगरपालिकावाट वार्षिक रूपमा विनियोजित बजेट

ख) संघसंस्थावाट प्राप्त हुने सहायता

ग) निजी व्यवसाय तथा व्यक्तिहरूवाट प्राप्त हुने आर्थिक सहायता

घ) नगर न्यायिक समितिवाट बालअधिकार प्रचलन गराउने सिलसिलामा बालबालिका विरुद्ध भएको उल्लङ्घनवापत साबालक व्यक्तिलाई गरिएको जरिवाना रकम

ङ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारवाट प्राप्त रकम

च) अन्य तोकिएका आम्दानी

३० **कोष सञ्चालक समितिः**(१) नगरपालिकामा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछः-

| | |
|---|---|
| (क) अध्यक्ष, नगर बाल अधिकार समिति | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) लेखा प्रमुख | -सदस्य |
| (घ) स्थानीय बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको | -सदस्य |
| (ङ) बाल कल्याण अधिकारी | -सदस्य सचिव |

३१ **बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका नगर बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने/गराउने,

ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुर्नस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,
(ग) कुनै बालबालिका जोखिम अबस्थामा भए वा नभएको निर्धारण गर्ने,
(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,
(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,
(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,
(ज) समितिवाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,
(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,
(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने
(ट) बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

३२ <u>बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छः-

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनस्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकवाट अनुमोदन गर्नुपर्नेछ ।

३३ <u>कोषको प्रयोग प्रयोजनः</u> (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः -

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन

(२) बालकोषवाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

३४ <u>बालकोषको खर्चका सीमाः</u> (१) बाल कोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयवाट खर्च गर्न सकिने छः

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रू.२५ हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. ५० हजार सम्म

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं

सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. १० हजार सम्म

(घ) बिशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ।

(ङ) बाल कोषको रकम तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

३५ <u>कोषको खाता सञ्चालनः</u> (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा वा नेपाल सरकारवाट बित्तीय कारोवार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि भंगहा नगरपालिको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

३६ <u>कोषको लेखा र लेखा परीक्षणः</u> (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ।

## परिच्छेद–१०
## विविध

३७ **<u>स्रोतको व्यवस्थापन :</u>** नगरपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

३८ **<u>प्रोत्साहन पुरस्कारको व्यवस्था:</u>** बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले पुरस्कार दिन वा संघसंस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।

३९ **<u>यसै कार्यविधि बमोजिम भए गरेको मानिने:</u>** बालबालिका कोष सचालन कार्याविधि २०७७ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै वाधा पर्ने छैन।

४० **<u>संसोधन गर्न सकिने</u>** : यस कार्यविधिलाई नगरसभाले आवश्यक संसोधन गर्न सक्नेछ ।

४१ **<u>खारेजी र बचाउ</u>** : यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा बागमती प्रदेश सरकारको कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ ।

# अनुसूची १

## एकीकृत अभिलेख फारम

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापनएकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | | | | | | |
| बाल विकास शिक्षा चार वर्षे शिशु | प्रदायकसंस्था | | | | | क्षमता |
| | सहभागी शिशु/असहभागी शिशु अनुपात | | | | | अनुपात |
| | जनशक्ति सक्षमता / योग्यता | | | | | शैक्षिक योग्यता |
| | दिवाखाजा | | | | | क्यालोरी |
| | आवासर विद्यालय दूरी | | | | | मीटर |
| | बाल शिक्षामा घरधुरी खर्च | | | | | रकम |
| आधारभूत शिक्षा | प्रतिकक्षाभर्ना (नयाँ) | | | | | |
| | उत्तीर्ण अनुत्तीर्ण | | | | | |
| | विद्यालय छोडाइ | | | | | |
| | दिवाखाजा | | | | | क्यालोरी |
| | आवासर विद्यालय दूरी | | | | | मिटर |
| | सुरु भर्ना र शिक्षा सम्पन्ता उत्तीर्ण | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | माध्यमभाषा (विषयगतरूपमा) | | | | | |
| | निःशुल्क पाठ्यपुस्तक आपूर्ति | | | | | |
| | निःशुल्क शैक्षिक सामग्र आपूर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |
| माध्यमिकशि | प्रतिकक्षा भर्ना (नयाँ) | | | | | |
| | उत्तीर्ण अनुत्तीर्ण | | | | | |
| | विद्यालय छोडाइ | | | | | |
| | विद्यालय वाहिर बालबालिका | | | | | |
| | आवासरविद्यालयदूरी | | | | | मिटर |
| | सुरु भर्ना र शिक्षा सम्पन्ता | | | | | |
| | माध्यम भाषा (विषयगत रूपमा) | | | | | प्रकार |
| | निःशुल्क पाठ्यपुस्त आपूर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यायार्थी | | | | | विषय |
| | प्राविधिक शिक्षा विषय र विद्यार्थी | | | | | विषय |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |
| | वैकल्पिकशि प्रदायक संस्था | | | | | प्रकार |
| वैकल्पिक तथा परम्परागत शिक्षा | प्रदायक संस्था | | | | | |
| | प्रति कक्षा विद्यार्थ | | | | | उमेर |
| | विषय शिक्षण माध्यम | | | | | प्रकार |
| | शिक्षण विधि | | | | | प्रकार |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | अनुपात |
| | प्राविधिक शिक्षा विषय र विद्यर्थी | | | | | अनुपात |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | प्रकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |
| खेलकुद | बालबालिकाको खेलरुची | | | | | प्रकार |
| | विद्यालयमा उपलब्ध खेलकुद सामग्री | | | | | |
| | विद्यालयमा उपलब्ध खेल र विश्राम समय (घण्टामा) | | | | | |
| | समुदायमा खेलकुद सहभागिता | | | | | |
| अपाङ्गमैत्री सेवा प्रवाह | अपाङ्गमैत्री भौतिक संरचना | | | | | प्रकार |
| | अपाङ्ग सहायक उपकरण | | | | | प्रकार |
| | अपाङ्गमैत्री शिक्षण विधि प्रयोग | | | | | प्रकार/अनुपात |
| | अपाङ्गमैत्री शिक्षामा विद्यार्थी | | | | | |
| यौन तथा प्रजनन | यौन तथा प्रजनन स्वास्थ्य शिक्षा | | | | | प्रकार |
| | स्वास्थ्य संस्थामा सुत्केरी भएको | | | | | |
| | प्रसूतीकर्मीवाट गराएको सुत्केरी | | | | | |
| | अन्य असुरक्षित सुत्केरी | | | | | |
| | गर्भवतीको स्वास्थ्यल जाँच | | | | | पटक |
| | गर्भवती महिला | | | | | |
| | चिकित्सात्मक गर्भपतन | | | | | |
| | गैरचिकित्सात्मक गर्भपतन | | | | | |
| | अनिच्छित वा जबरजस्ती गर्भधारण | | | | | |
| | परिवार नियोजन साधनको आपूर्ति | | | | | प्रकार |
| | नियोजन साधन कमीवाट गर्भधारण न्यूनतौलमा जन्मेका नवजात | | | | | |
| | जन्म पछि नवजात मृत्यु | | | | | |
| | सुत्केरी हुँदा आमाको मृत्यु | | | | | |
| | शिशु जन्म अभिलेख | | | | | |
| | गोप्यता कायम सङ्केतको प्रयोग | | | | | |
| | वास्तविक नामको खुलासा | | | | | |
| | अन्य पक्षवाट नामको खुलासा | | | | | |
| | दुई वर्ष पूरा स्तनपान गर्न पाएका | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालवालिका | | | | | |
| | स्वच्छ खानेपानी पुगेको घरधुरीका बालवालिका | | | | | |
| | स्वास्थ्य र पोषण शिक्षा/ सूचना | | | | | |
| | नियमित बालबालिका स्वास्थ जाँच | | | | | |
| | सुरु छ महिना अटुट शिशु स्तनपान | | | | | |
| | बालबालिकालाई पोषण आपूर्ति | | | | | |
| | खोप लगाएका बालबालिका | | | | | |
| | पाँच वर्ष मुनिका शिशको मृत्यु | | | | | |
| | कम तौल वा कुपोषित पाँच वर्ष मुनिका शिशु | | | | | |
| रोकथाम उपचार र नियन्त्रण | लाग्ने तथा सर्ने रोग वारेको सचेतना प्रवर्द्धनमा जनसहभागिता | | | | | प्रकार |
| | खोप लगाएका जनसाधारण | | | | | प्रकार |
| | रोगकोरोकथाममासहभागिता | | | | | |
| | यकिनगरिएकारोगरउपचारवाटनिको भएकाबालबालिका | | | | | |
| | दुर्व्यसनीमा सामेल बालबालिका | | | | | |
| | मानसिक स्वास्थ्य सेवाप्रवाह | | | | | |
| | मानसिक स्वास्थ्य सेवा लाभान्वित | | | | | |
| | आपत्कालीन सेवावाट लाभान्वित | | | | | |
| | विशेषज्ञसेवा लाभान्वित | | | | | |
| | सेवाप्रदायक संस्थार क्षमता | | | | | |
| | स्वास्थ्य जनशक्ति र सेवाग्राही | | | | | |
| | स्वास्थ्य बिमामा बाल सहभागिता | | | | | |
| जन्मप्रमाणर दर्ता | बालबालिकाकोजन्मअभिलेखन | | | | | |
| | जन्मदर्ता पञ्जीकरण | | | | | |
| | आमाको नामवाट मात्र जन्मदर्ता | | | | | |
| | आमावाबु ठेगान जन्मदर्ता | | | | | |
| संरक्षकत्व | दुवै वाबुआमा साथ रहेका | | | | | |
| | आमाकोमात्र संरक्षकत्वमा रहेका | | | | | |
| | स्वैच्छिक संरक्षकत्वमा रहेका | | | | | |
| | माथवरको संरक्षकत्वमा रहेका | | | | | |
| | क्षेत्र भित्र धर्मपुत्र/पुत्री रहेका | | | | | |
| | धर्मपुत्रपुत्री भै क्षेत्र वाहिर गएका | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विशेष संरक्षणमा रहेका | | | | | |
| | वाल्श्रम विरुद्धको कारवाई | | | | | |
| | बालसंरक्षण मापदण्ड लागू संस्था | | | | | |
| | मापदण्ड उल्लङ्घन विरुदधकारवाई | | | | | |
| सहभागिता | विद्यालयका निर्णयमा | | | | | |
| | न्यायिक निर्णयमा | | | | | |
| | सार्वजनिक संस्थागत निर्णयमा | | | | | |
| | बाल क्लब दर्ता | | | | | |
| | सार्वजनिक समारोहमा सहभागिता | | | | | |
| न्यायिक अधिकार प्रचलन | विद्यालयमा बालमैत्री वातावरण | | | | | |
| | बालमैत्री संरचना निर्माण र मर्मत | | | | | |
| | निर्णयपूर्व प्रभावितको धारणा बुझ्ने | | | | | |
| | संरक्षकीय अभिमतको अवसर | | | | | |
| | उमेर सापेक्षबोली वचन र व्यवहार | | | | | |
| | मातृभाषिक दोभासेको सेवा | | | | | |
| | निर्णयपूर्व प्रभावितको धारणा बुझ्ने | | | | | |
| | अनुसन्धाननिगरानी | | | | | |
| | परिवार वा संरक्षकसँगै राखी अनुसन्धान गरिएका मुद्दा | | | | | |
| | परिवार वा संरक्षकलाई जनाउ | | | | | |
| | नियन्त्रणमा लिइएका बालबालिका | | | | | |
| | नियन्त्रण लिन प्रयुक्त तरिका बल तथा सर साधन | | | | | |
| | उपलब्ध बाल मनोविद | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |
| | अनुसन्धानार्थ निगरानीको अवधि | | | | | |
| | निगरानी कक्षको भौतिक प्रबन्ध | | | | | |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |
| | कानुन व्यवसायीको भेटघाट (घण्टा) | | | | | |
| | सहयोगार्थ अभिभावकको बसाइ | | | | | |
| | भिन्दै अनुसन्धान एकाइ र जनशक्ति | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालन्यायमा प्रशिक्षकजनशक्ति | | | | | |
| | पीडित बालबालिका | | | | | |
| | फौजदारी कसुर वा कसुरजन्य कार्यवाट पीडित बालबालिका | | | | | |
| | वारदातवाटै उद्धार गरिएका बालवालिका | | | | | |
| | अनुसन्धानमा सहयोगी रहेका पीडित बालवालिका | | | | | |
| | पीडितको अधिकार वारे सुसूचित गरिएका बालबालिका | | | | | |
| | उपलब्ध बालमनोविद् | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |
| | निजी कानुन व्यवसायीको सेवा | | | | | |
| | दिशान्तर | | | | | |
| | दिशान्तर गरिएका मुद्दा | | | | | |
| | अवलम्बित उपाय | | | | | |
| | सफल दिशान्तर | | | | | |
| | आरोपित बालबालिका<br><br>पीडित बालबालिका | | | | | |
| | पीडित वयस्क | | | | | |
| | दिशान्तर उल्टी भएका मुद्दा | | | | | |
| | अभियोजन | | | | | |
| | प्रतियाचना सौदावाजी (प्लिवार्गेनिङ) समाविष्टगरी अभियोजित मुद्दा र बालवालिका | | | | | |
| | सुधारगृहमा राख्ने वाहेक अन्य स्वरूपका सजाय प्रस्तावित अभियोजन गरिएका मुद्दा र बालबालिका | | | | | प्रकार |
| | सुधारगृह मै राखी पुर्पक्ष तथा निरूपण हुन अभियोजन गरिएका मुद्दा र बालवालिका | | | | | |
| | पुर्पक्षरनिरूपण | | | | | |
| | पीडित बालबालिका सम्बन्धी | | | | | |
| | बालबालिका विरुद्ध भएका कसुरका मुद्दा | | | | | |
| | फौजदारी मुद्दा रहेका पीडित बालवालिका | | | | | मुद्दाका प्रकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कारवाईमा सहभागी रहेका पीडित बालबालिका | | | | | |
| | पीडितको अधिकार बारे सुसूचित गरिएका बालबालिका | | | | | |
| | प्रतिवादीको प्रत्यक्ष उपस्थितिमा पीडित कारवाईमा सरिक भएका मुद्दा | | | | | |
| | प्रतिवादीकोउपस्थिति अप्रत्यक्ष तुल्याइएका मुद्‌दा | | | | | |
| | कसुरजन्य कार्यका आरोपित बालबालिका सम्बन्धी | | | | | |
| | अभिभावकको उपस्थितिमा पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | अभिभावककोउपस्थिति नरहेका मुद्दा र बालबालिका | | | | | |
| | आफैं कानुन व्यवसायी राखेका बालबालिका र मुद्दा | | | | | |
| | बाल इजलासको पूर्णतामा पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | न्यायाधीश मात्रको इजलासवाट पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | बन्द तथा खुला इजलासवाट पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | पुर्पक्षका लागि तारिखमा रहने गरी अभिभावकको जिम्मा दिएका बालबालिका | | | | | |
| | ससर्त अभिभावकको जिम्मा लगाइएका बालबालिका | | | | | |
| | अन्य अधिकारी वा निकायको सुपरिवेक्षणमा समुदाय मै रहन अनुमति दिइएका बालबालिका | | | | | |
| | पुर्पक्षार्थ सुधार गृहमा रहन पठाइएका बालवालिका | | | | | |
| | सामाजिक अध्ययन प्रतिवेदन प्राप्त बालवालिका र मुद्दा | | | | | |
| | मनोवैज्ञानिक अध्ययन प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | पीडित प्रभाव प्रतिवेदन प्राप्त बालवालिका र मुद्दा | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सजाय पूर्वको प्रतिवेदन प्राप्त बालवालिका र मुद्दा | | | | | |
| | पुर्पक्षवाट प्रतिवादीले पूर्ण सफाइ पाएका बालबालिका र मुद्दा | | | | | |
| | पुर्पक्षवाट आंशिक बालबालिकाले सफाइ पाएका बालबालिका र मुद्दा | | | | | |
| | १२०दिन भित्र निरूपण सम्पन्न मुद्दा | | | | | |
| | सजाय स्वरूप ससर्त अभिभावकको जिम्मा लगाइएका बालबालिका र मुद्दा | | | | | |
| | सेवाप्रदायकवाट अभिमुखीकरण गराउने गरी सजाय स्थगन गरिएका बालवालिका र मुद्दा | | | | | |
| | मनोसामाजिक परामर्श गराउने गरी सजाय स्थगन भएका बालबालिका र मुद्दा | | | | | |
| | अभिभावक वा विद्यालय वा अन्य संस्थागत निगरानीमा तोकिएको सर्त र अवधिका लागि रहने गरी सजाय स्थगत भएका बालबालिका र मुद्दा | | | | | |
| | सामुदायिक सेवाको सजाय पाएका बालबालिकार मुद्दा | | | | | |
| | सुधार गृहमा रहने सजाय पाएका बालवालिका र मुद्दा | | | | | |
| | वालगृह/बाल सुधार सम्बन्धी | | | | | |
| | गृहको भौतिक क्षमता<br>बालबालिकाको आवासक्षेत्र/दिवासमयमा बालबालिकाले घुमफिर गर्न पाउने<br>क्षेत्र खैलकुद क्षेत्र करेसावारी/<br>व्यवस्थापन र सुरक्षा क्षेत्र | | | | | |
| | गृहको जनशक्ति | | | | | प्रकार/योग्यता |
| | प्रशिक्षित जनशक्ति | | | | | |
| | गृहमा उपलब्ध सेवाहरू | | | | | प्रकार/प्रतिदिनकार्य र घण्टा |
| | पुर्पक्षार्थय सुधार गृहमा रहन पठाइएका वालवालिका र मुद्दा | | | | | |
| | सजाय स्वरूप सुधार गृहमा राखिएका वा प्रकार बालबालिका र मुद्दा | | | | | |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |
| | कानुन व्यवसायीको भेटघाट (घण्टा) | | | | | |
| | सहयोगार्थ अभिभावकको बसाई | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुधार कार्यक्रम प्रकार | | | | | |
| | बालबालिकाको व्यवहारमा आएको सुधा मुद्दा र प्रकार | | | | | |
| | व्यवहारको सुधारका आधारमा अवधि घटाउन वा छुट दिन वा स्वरूप परिवर्तका लागि सिफारिस गरिएका बालबालिकार मुद्दा | | | | | |
| | सजायको स्वरूप परिवर्तन भई समुदायमा आएका बालबालिका | | | | | |
| | उपचारार्थ आवासीय पुनः स्थापनामा पठाइएका बालबालिका<br>अदालतवाट बाँकी सुधार अवधि छुट भै छुटकारा पाएका बालबालिका | | | | | |
| | छुटकारा पूर्व तयारी कार्य र बालबालिकाको सहभागिता | | | | | |
| | पारिवारिक पुनर्मिलनमा पठाइएका बालवालिका | | | | | |
| | सप्ताहान्त वास गर्ने बालबालिका | | | | | |
| | समुदायमा पुनःस्थापित गरिएका बालवालिका | | | | | |
| विशेष संरक्षण र पुनःस्थापना | विशेष संरक्षणको खाँचोमा रहेका बालबालिका | | | | | |
| | उद्धार गरिएका बालबालिका | | | | | |
| | अस्थायी संरक्षण उपलब्ध गराइएका वालवालिका | | | | | |
| | स्वास्थ्योपचार गरिएका बालबालिका | | | | | |
| | पारिवारिक सहयोग | | | | | |
| | वैकल्पिक हेरविचारको प्रबन्ध गरिएका बालबालिका | | | | | |
| | नातेदार मार्फत वैकल्पिक हेरचाह | | | | | |
| | इच्छुक परिवारद्धारा हेरचाह | | | | | |
| | परिवारमा हेरचाह गराउने संस्था | | | | | |
| | परिवारमा हेरचाह गराउने संस्था मार्फत हेरचाहमा रहेका बालबालिका | | | | | |
| | सहयोग प्रायोजन | | | | | |
| | बालगृह | | | | | |
| | बालगृहमा वैकल्पिक हेरचाह भएका बाल वालिका | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालगृहवाट पारिवारिक पुनर्मिलन गराइएका बालबालिका | | | | | |
| | सामाजिक पुन एकिरण गरिएका बालवालिका | | | | | |
| | पुनःस्थापना गरिएका बालबालिका | | | | | |
| अधिकार प्रचलन | न्यायिक समितिमा परेका निवेदन | | | | | प्रकार |
| | अधिकार प्रचलन गराउन गरिएको आदेश | | | | | |
| | अधिकार प्रचलनका लागि अन्य स्थानीय तहको न्यायिक समितिलाई लेखि पठाएको कार्य | | | | | |
| | अर्को स्थानीयतहवाट लेखि आएको अधिकार प्रचलन गराएको कार्य | | | | | |
| | बालबालिकाका लागि गरिएको वैकल्पिक बन्दोबस्त | | | | | |
| | अधिकार प्रचलनका लागि निवेदन | | | | | |
| | अधिकार प्रचलनार्थ जारी आदेश | | | | | |
| | खारेज भएका निवेदन | | | | | |
| | दायित्व पूरा नगर्नेलाई भएको सजाय | | | | | |
| | बालबालिकालाई भराइएको क्षतिपूर्ति | | | | | |
| | बालबालिकाका लागि गरिएको वैकल्पिक बन्दोबस्त | | | | | |
| पीडित बालबालिकाको पुनः स्थापना | स्वास्थ्योपचार गरिएका बालबालिका | | | | | |
| | पारिवारिक सहयोग | | | | | |
| | सहयोग प्रायोजन | | | | | |
| | पुनःस्थापना केन्द्र | | | | | |
| | पुनस्थापना केन्द्र हेरचाह भएका बालवालिका | | | | | |
| | पुनःस्थापना गृहवाट पारिवारिक पुनर्मि लन गराइएका बालबालिका | | | | | |
| | पुनःसामाजिक पुनः एकीकरण गरिएका पीडित बालबालिका | | | | | |

अनुसूची २

अनाथ, बेवारिस वा स्याहार संरक्षण गर्ने वाबुआमा वा अभिभावक नभएको बालबालिका सम्बन्धी सूचना

श्री बालकल्याण अधिकारी/ ..............प्रहरी कार्यालय
.............. पालिका
.......... जिल्ला

विषयः बेवारिस अवस्थामा बालबालिका फेला परेकोले उद्दार तथा संरक्षणार्थ प्रस्तुत गरेको

महोदय,

.......... जिल्ला .......... पालिका वडा नं. ... मा मिति........... बजेको समयमा बेवारिस अवस्थामा रहेको देहाय बमोजिमको विवरणको बालबालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था हुन यो जानकारी निवेदन गरेको छुः

फेला परेको बालबालिकाको नाम थर:

हुलिया:

उचाइ:

उमेरः

लिङ्ग:

शारीरिक अवस्थाः

सक्षमता:

बालबालिकासम्बन्धी थाहा हुन आएको अन्य कुराः

फेला पार्ने व्यक्तिको नाम थर:
ठेगानाः सम्पर्क नम्बरः

हस्ताक्षर:

अनुसूची ३

विषय : संस्था/ बाल क्लव /सञ्जाल लागि निवेदनको ढाचाँको

निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुखज्यू
बर्दिबास नगरपालिका
कार्यपालिकाको कार्यालय

विषयः– संस्था/ बाल क्लब/ सञ्जाल दर्ता/ आबद्धता गरी पाउँ भन्ने वारे ।

महोदय,

हामीले ............................नामको संस्था/बाल क्लव / सञ्जाल खोल्न चाहेकोले "बाल अधिकार संरक्षण कार्यविधि २०७७ले गरेको व्यवस्था बमोजिम संस्था/ बाल क्लब/ सञ्जाल सूचीकृत/ आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

प्रस्तावित संस्था / बाल क्लब/सञ्जालको प्रबन्धावलीको दुईपति, सिफारिस, संस्था/ बाल क्लब/ सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरूको नामावली, जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ।

भवदीय
अध्यक्ष

अनुसूची ४

संस्था/बाल क्लव/ सञ्जाल दर्ता सूचीकृत प्रमाणपत्रको नमुना

.........गाउँ नगरपालिका

.........जिल्ला

.........प्रदेश

.........नेपाल

दर्ता/आवद्धता प्रमाणपत्र

आवद्धता नं.- मिति:-

श्री.................... संस्था/ बाल क्लव / सन्जाल

ठेगाना .........।

............. जिल्ला ........................गाउँ/नगरपालिका..........वडा ......नं.............को............ ..

विद्यालय / समुदाय / बालगृह/बाल सुधार गृहमा गठन भएको........................ संस्था/बाल क्लव/ सञ्जाललाई यस पालिकामा आवद्धता गरी पालिकाको बाल अधिकार संरक्षण कार्यविधि २०७७ को .दफा ... को व्यवस्थाअनुसार दर्ता /आवद्धताको प्रमाणपत्र प्रदान गरिएको छ।

बालअधिकारको संरक्षण र कार्यमा संविधान तथा कानुनको अधीनमा रही यस गाउँ /नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत:

अनुसूची ५

संस्था/ बाल क्लव /सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा

निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुख ज्यू

.. पालिका

.... कार्यपालिकाको कार्यालय

............

..............

विषयः– संस्था/ बाल क्लब/ सञ्जाल नवीकरण गरी पाउँ भन्ने वारे ।

महोदय,

..............जिल्ला........................पालिका............वडा नं...........स्थित.............विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा आधारित हाम्रो ........................ नामको संस्था/बालक्लव/सञ्जाल मिति.......... मा दर्ता नं .... साथ दर्ता/आबद्ध भै क्रियाशील रहँदै आएकोमा सोको समयावधि ....मा समाप्त हुनेभएको छ । बाल क्लब/ सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो संस्था बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापको संक्षिप्त विवरण, संस्था/ बाल क्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदाधिकारीको विवरण यसैसाथ संलग्न गरिएको छ।

भवदीय

अध्यक्ष

अनुसूची ६

संस्था/बाल क्लब /सञ्जाल दर्ता/आबद्धता किताव

| क.स | संस्था/बाल क्लव/सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचिकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची ७

संस्था/ बाल क्लव/ सञ्जाल सूचिकरण नवीकरणको दर्ता किताव

| क्र.स | संस्था/बाल क्लव/सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचिकृत नं. र मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**<u>आज्ञाले</u>**

**प्रमुख प्रशासकीय अधिकृत**